सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३३४ ♦ २०८३ साल भदौ ९ मंगलवार ♦ 25 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018
PRABHU BANK

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

## दाइजोको निहुँमा महोत्तरीमा युवतीको मृत्यु, चार जनाविरुद्ध जाहेरी

**खबर दर्पण समाचारदाता**
**भदौ ८ गते, बर्दिवास**



विवाह भएको दुई महिना नपुग्दै दाइजोको निहुँमा ससुराली पक्षले दिएको यातनाका कारण महोत्तरीमा एक युवतीको मृत्यु भएको आरोप लगाइएको छ। महोत्तरीको पिपरा गाउँपालिका-५ मा भारतको सुरसण्ड निवासी २२ वर्षीया शिवानी राउतको मृत्यु भएको हो।

मृतककी आमा रुवी देवीले दाइजोमा मोटरसाइकल, सुनलगायतका थप सामग्री नदिएको भन्दै ससुराली पक्षले छोरीलाई शारीरिक तथा मानसिक यातना दिने गरेको र सोही कारण छोरीको मृत्यु भएको आरोप लगाउनुभएको छ। महोत्तरीको जलेश्वर नगर पालिका-८, रमौलस्थित आफ्नो मामाघरमा मुण्डन कार्यक्रममा सहभागी हुन आएकी रुवी छोरी शिवानीलाई भेट्न उहाँको ससुराली पिपरा पुग्नुभएको थियो। भेटका क्रममा छोरीले दाइजोमा मोटरसाइकल र सुन नदिएको भन्दै ससुराली पक्षले आफूलाई मानसिक तथा शारीरिक यातना दिने गरेको बताएको रुवीले जानकारी दिनुभयो।

आफूले छोरी शिवानीलाई पनि मुण्डन कार्यक्रममा सहभागी हुन पठाइदिन ससुराली पक्षसँग आग्रह गर्दा मोटरसाइकल तथा सुन नदिएसम्म कतै जान नदिने जवाफ दिएको रुवीले बताउनुभयो। "दिउँसो करिब २ बजे छोरीलाई भेटेर म त्यहाँबाट आएँ। चार घण्टापछि साँझ छोरीको मृत्यु भएको खबर पाएँ," उहाँले भन्नुभयो।

तत्कालै प्रादेशिक अस्पताल जनकपुर पुग्दा छोरीको घाँटीमा निलडाम देखिएको बताउँदै रुवीले ससुराली पक्षले घाँटी थिचेर हत्या गरेको आरोप लगाउनुभयो। उहाँले सोही आरोपमा ससुराली पक्षका चार जनाविरुद्ध जिल्ला प्रहरी कार्यालय महोत्तरीमा जाहेरी दिनुभएको छ।

जाहेरीमा मृतकका पति सजन राउत, देवरद्वय प्रेम राउत र निराजन राउत तथा सासू नूतन देवीलाई विपक्षी बनाइएको छ। जाहेरीअनुसार शिवानीको विवाह सजन राउतसँग २०८३ साल असार १६ गते भएको थियो। विवाहका क्रममा आफ्नो क्षमताअनुसार दाइजो तथा अन्य सामग्री दिएको भए पनि विवाहपछि विपक्षीहरूले सुन सहित थप दाइजो र मोटर साइकल माग गर्दै छोरीलाई पटक-पटक शारीरिक तथा मानसिक यातना दिने गरेको आरोप जाहेरीमा उल्लेख छ।

मृतक शिवानीका मामा जलेश्वर नगरपालिका-८ का दिपुकुमार कापरले भदौ ४ गते राति करिब ७ बजे शिवानीले आफूलाई श्रीमान्, सासू तथा देवरहरूले मोटरसाइकल ल्याउन दबाब दिँदै घाँटी दबाउने, कुटपिट गर्ने तथा मानसिक यातना दिने गरेको बताएको जानकारी दिनुभयो। उहाँले दाइजोकै कारण शिवानीको मृत्यु भएको दाबी गर्नुभयो।

कापरका अनुसार ससुराली पक्षले शिवानीले झुन्डिएर आत्महत्या गरेको बताएको भए पनि आफूहरूले शवको अवस्था हेर्दा शंका लागेको छ। उहाँले शवको पोस्टमार्टम प्रादेशिक अस्पताल जनकपुरमा नगराई थप परीक्षणका लागि धरान अस्पताल पठाइएको जानकारी दिनुभयो।

जाहेरीमा शिवानीले दाइजो तथा मोटरसाइकलका लागि निरन्तर शारीरिक र मानसिक यातना सहनुपरेको र सोही कारण आत्महत्या गर्न बाध्य भएको आरोप लगाइएको छ। प्रहरीले उक्त घटनामा पति र सासूसहित तीन जनालाई आवश्यक अनुसन्धानका लागि पक्राउ गरेको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले जाहेरी प्राप्त भएको र घटना बारे आवश्यक अनुसन्धान भइ रहेको जानकारी दिनुभयो।

## स्थानीय तहबाट नै लाइसेन्स वितरण सुरु

**खबर दर्पण समाचारदाता**
**भदौ ८ गते, बर्दिवास**



महोत्तरीको बर्दीबासस्थित यातायात व्यवस्था कार्यालयले सेवाग्राहीको सहजताका लागि स्थानीय तहमै पुगेर सवारी चालक अनुमतिपत्र (लाइसेन्स) वितरण सुरु गरेको छ ।

लामो समयदेखि कार्यालयमा छापिएर थन्किएका लाइसेन्स सम्बन्धित पालिकामार्फत वितरण गर्न थालिएको हो । लाइसेन्स लिनकै लागि बर्दीबासस्थित कार्यालयसम्म धाउनुपर्ने बाध्यता अन्त्य गर्ने उद्देश्यले पालिकासँग समन्वय गरी वितरणको व्यवस्था मिलाइएको कार्यालयले जनाएको छ । कार्यालय प्रमुख राकेश यादवका अनुसार तयार अवस्थामा रहेका लाइसेन्सको स्टक सम्बन्धित पालिकासम्म पु-याइएको छ । पालिकाले वडा कार्यालयमार्फत सम्बन्धित सेवाग्राहीलाई लाइसेन्स हस्तान्तरण गर्ने व्यवस्था मिलाउने छन् । "सेवाग्राहीले आफ्नै गाउँठाउँबाट लाइसेन्स पाउन सकुन् भन्ने उद्देश्यले पालिकासँग समन्वय गरी वितरणको व्यवस्था मिलाएका हौँ," यादवले भन्नुभयो । कार्यालयका अनुसार पिपरा गाउँपालिकाबाहेक महोत्तरीका सबै स्थानीय तहमा पालिकामार्फत लाइसेन्स वितरणको काम सम्पन्न भइसकेको छ । यसबाट लामो समयदेखि कार्यालयमै थन्किएका लाइसेन्स सम्बन्धित सेवाग्राहीको हातसम्म पु-याउन सहज भएको कार्यालयको भनाइ छ ।

पछिल्लो पटक बर्दीबास यातायात कार्यालयबाट गौशाला

बाँकी पृष्ठ ३ मा

## श्रीमतीको हत्या आरोपमा फरार व्यक्ति पक्राउ

**खबर दर्पण समाचारदाता**
**भदौ ८ गते, बर्दिवास**

आफ्नै श्रीमतीको हत्या गरेको आरोपमा धनुषा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा लक्ष्मीनियाँ गाउँपालिका-४ का ३५ वर्षीय सञ्जयकुमार यादव रहेका छन् । यादवले २०८० साउन १५ गते घरमै ढुङ्गा प्रहार गरी आफ्नी श्रीमती रुबी शर्माको हत्या गरेको आरोप रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

घटनापछि फरार रहेका यादवलाई उच्च अदालत जनकपुरधामले २०८३ जेठ २२ गते तीन वर्ष कैद र ३० हजार रुपियाँ जरिवानाको फैसला गरेको थियो ।

अदालतको फैसला कार्यान्वयनका लागि फरार प्रतिवादीको खोजी गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको टोलीले यादवलाई सोमबार लक्ष्मीनियाँ गाउँपालिका-४ स्थित खसी बजारबाट पक्राउ गरेको हो । पक्राउ परेका यादवलाई प्रहरी नियन्त्रणमा राखिएको छ । उनलाई अदालतमा उपस्थित गराई फैसला कार्यान्वयनको प्रक्रिया अघि बढाइने जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी ओमप्रकाश खनालले जानकारी दिनुभयो ।

# नेकपाका साँसदले सदनमा उठाए बर्दिबास मेडिकल कलेजको आवाज

**खबर दर्पण समाचारदाता**
**भदौ ८ गते, बर्दिवास**

नेकपाका साँसद रमेश मल्लले आजको प्रतिनिधिसभाको बैठकमा महोत्तरीको बहुप्रतिक्षित बर्दिबास मेडिकल कलेजको सम्बन्धमा सदनमा आवाज उठाएका छन् । उनले तत्कालिन केपी ओली शर्माको पालामा चरणबद्ध रुपमा अगाडि बढेको यस संरचनालाई अगाडि बढाउनुको सट्टा वर्तमान सरकारले सो परियोजना कटौती गरेर गैरजिम्मेवारपुर्ण देखाएको अभिव्यक्ति दिएका छन् ।

प्रस्तुत छ साँसद मल्लले प्रतिनिधिसभाको बैठकमा प्रस्तुत गरेर सम्बोधन जस्तोको त्यस्तै

सम्माननीय सभामुख महोदय,

म आज मधेस प्रदेशको मात्र होइन, समग्र नेपालको स्वास्थ्य शिक्षा र स्वास्थ्य पूर्वाधारसँग जोडिएको अत्यन्त महत्वपूर्ण विषयमा सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु।

बर्दिवास मेडिकल कलेज कुनै नयाँ प्रस्ताव होइन। यो राज्यले करिब एक दशकअघि गरेको नीतिगत निर्णय हो। आर्थिक वर्ष २०७३/०७४ को बजेट वक्तव्यको प्रकरण नं. २२४ मै 'एक प्रदेश, एक मेडिकल कलेज'को अवधारणाअनुसार तत्कालीन प्रदेश नं. २ को महोत्तरीको बर्दिवास, लुम्बिनीको बुटवल र कर्णालीको सुर्खेतमा मेडिकल कलेज स्थापना गर्ने निर्णय भएको थियो। त्यसपछि राज्यले यस आयोजनामा समय, जनशक्ति र सार्वजनिक स्रोत लगानी गरिसकेको छ।

२०७५ फागुन ३ गते मन्त्रिपरिषद्ले बर्दिवाससहित तीनवटै मेडिकल कलेजको पूर्वाधार निर्माण विकास आयोजना स्वीकृत गर्‍यो। २०७६ वैशाख १८ गते बर्दिवासमा आयोजना कार्यालय विधिवत् स्थापना भयो।

यसबीच जग्गा छनोट, विस्तृत सर्वेक्षण, गुरुयोजना, माटो परीक्षण, वातावरणीय प्रभाव मूल्यांकन, विस्तृत परियोजना प्रतिवेदन–DPR लगायतका महत्वपूर्ण पूर्वतयारीका काम सम्पन्न भएका छन्। राष्ट्रिय योजना आयोगले समेत यसलाई राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाका रूपमा सिफारिस गरी आयोजना बैंकमा समावेश गरेको छ।


अझ महत्वपूर्ण कुरा, सर्वोच्च अदालतमा वातावरणसम्बन्धी रिट परेपछि करिब १७/१८ महिनासम्म प्रक्रिया प्रभावित भयो। तर २०८० जेठ २९ गते सर्वोच्च अदालतले मुद्दा खारेज गर्दै मेडिकल कलेज निर्माणको बाटो खोलिदियो। सर्वोच्च अदालतको आफ्नै अभिलेखमा मुद्दा नं. ०७८-छ्व-०७६६ लाई 'एक प्रदेश एक मेडिकल कलेज बनाउने बजेटको व्यवस्था सम्बन्धी आदेश'का रूपमा उल्लेख गरिएको छ।

अदालतको वातावरणीय चासोलाई सम्बोधन गर्न काटिने रुखको तुलनामा १० गुणासम्म वृक्षारोपण गर्नुपर्ने व्यवस्था अघि बढाइयो। आयोजनाका कागजातअनुसार वृक्षारोपण, वन क्षेत्रको सट्टाभर्ना र वन विकास कोषमा रकम जम्मा गर्ने प्रक्रियासमेत अगाडि बढेको छ।

अर्थात्, अदालतले आयोजना रोक्न भनेको होइन; वातावरणीय सर्त पूरा गरेर आयोजना अघि बढाउने बाटो खोलिदिएको थियो।

सम्माननीय सभामुख महोदय,

अहिले त झन् अर्को महत्वपूर्ण अवस्था सिर्जना भएको छ। चालु आर्थिक वर्ष २०८३/०८४ को बजेटमा बर्दिवास मेडिकल कलेजका लागि २५ करोड रुपैयाँ विनियोजन गरिएको छ। २०८३/०३/२२ मा आयोजनाले वन विकास कोषमा जम्मा गर्नुपर्ने २६ करोड ४७ लाख ७६ हजार ७१९ रुपैयाँ ८ पैसा का लागि अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चितताको प्रक्रिया अघि बढेको छ। आयोजना विकासको लागि हालसम्म करिब १० करोड १८ लाख रुपैयाँ खर्च भइसकेको छ।




त्यसैले मेरो प्रश्न छ,

यति धेरै प्रक्रिया पूरा गरिसकेपछि, बजेट विनियोजन गरिसकेपछि, स्रोत सुनिश्चितताको बाटो खोलिसकेपछि र सर्वोच्च अदालतले समेत कानुनी अवरोध हटाइसकेपछि अहिले आएर आयोजना कार्यालय नै किन खारेज गरियो?

शिक्षा तथा खेलकुद मन्त्रालयको २०८३/०४/१५ को सचिव स्तरीय पत्रले बर्दिवास मेडिकल कलेज पूर्वाधार विकास निर्माण आयोजनाको कार्यालय खारेज गरी सम्पत्ति, दायित्व तथा मेसिन-औजार व्यवस्थापनको योजना एक महिनाभित्र पेश गर्न जिम्मेवार अधिकारी तोकेको देखिन्छ।

यो निर्णयले हामीलाई गम्भीर बनाएको छ।

सभामुख महोदय, कार्यालय खारेज गर्न सकिन्छ, संरचना पुनर्गठन गर्न सकिन्छ; तर मेडिकल कलेज निर्माणको राष्ट्रिय प्रतिबद्धता खारेज गर्न मिल्दैन।

अब म यसको रणनीतिक महत्वतर्फ आउन चाहन्छु।

बर्दिवास सामान्य ठाउँ होइन। यो पूर्व-पश्चिम राजमार्ग र बीपी राजमार्गको महत्वपूर्ण संगमस्थल हो। बर्दिवासबाट बीपी राजमार्ग हुँदै सिन्धुली, खुर्कोट र काठमाडौं जोडिन्छ भने पूर्व-पश्चिम राजमार्गले पूर्वदेखि पश्चिमसम्मको तराईलाई जोड्छ।

त्यसैले यहाँ मेडिकल कलेज स्थापना गर्नु महोत्तरीका लागि अस्पताल बनाउनु मात्र होइन।

यो मधेसको पूर्व-पश्चिम स्वास्थ्य पहुँचलाई जोड्ने, पहाड र तराईबीच स्वास्थ्य सेवाको सेतु निर्माण गर्ने र काठमाडौं बाहिर चिकित्सा शिक्षा तथा विशेषज्ञ स्वास्थ्य सेवाको केन्द्र विकास गर्ने रणनीतिक आयोजना हो।

बीपी राजमार्गको बर्दिवासस्थित अन्तिम बिन्दु र पूर्व-पश्चिम राजमार्गको महत्वपूर्ण जंक्शनमा रहेको मेडिकल कलेजले मधेसका ८वटै जिल्लाका साथै सिन्धुली, रामेछाप, दोलखा, उदयपुर र आसपासका भूभागका नागरिकलाई समेत सेवा दिन सक्ने सामर्थ्य राख्छ। बर्दिवासको यही भौगोलिक अवस्थिति मेडिकल कलेजका लागि यसको सबैभन्दा ठूलो रणनीतिक शक्ति हो।

सम्माननीय सभामुख महोदय,

मधेस प्रदेश आठ जिल्लाको घना जनसंख्या भएको प्रदेश हो। तर सरकारी लगानीमा स्थापित पूर्ण मेडिकल कलेजको आवश्यकता अझै पूरा भएको छैन। यस्तो अवस्थामा 'एक प्रदेश एक मेडिकल कलेज'को मूल नीतिअनुसार बर्दिवास मेडिकल कलेजलाई अघि बढाउनु राज्यको दायित्व हो।

त्यसैले म सरकारसँग स्पष्ट माग गर्दछु–

बर्दिवास मेडिकल कलेजको आयोजना कार्यालय खारेज गर्ने निर्णय तत्काल पुनरावलोकन गरियोस्।

बजेटमा विनियोजित रकम कार्यान्वयन गरियोस्। वन विकास कोषको सट्टाभर्ना रकम समेत व्यवस्थापन भै जग्गासम्बन्धी प्रक्रिया टुंग्याइसकेको, DPR लगायत सम्पन्न भइसकेका सबै प्राविधिक कामलाई उपयोग गर्दै निर्माणको ठेक्का प्रक्रिया अघि बढाइयोस्।

र सबैभन्दा महत्वपूर्ण कुरा–

बर्दिवास, बुटवल र सुर्खेतलाई एउटै राष्ट्रिय नीतिको परिणामका रूपमा हेरेर तीनवटै सरकारी मेडिकल कलेजको पूर्वाधार निर्माणलाई निरन्तरता दिइयोस्।

सरकार फेरिँदैमा राष्ट्रिय आयोजना फेरिनु हुँदैन।

करोडौं रुपैयाँ खर्च गरेर, वर्षौं लगाएर, अदालतको अवरोधसमेत पार गरेर तयार भएको आयोजनालाई अलपत्र पार्ने र जनता लाई निरास बनाउने गल्ती नगरौं।

बर्दिवास मेडिकल कलेज कुनै जिल्लाको मात्र माग होइन; यो मधेसको स्वास्थ्य अधिकार हो, राज्यको पूर्वप्रतिबद्धता हो र नेपालको सन्तुलित स्वास्थ्य शिक्षा विकासको रणनीतिक आवश्यकता हो।

त्यसैले सरकारलाई मेरो आग्रह छ– कार्यालय खारेज गर्ने होइन, मेडिकल कलेज बनाऔं। प्रक्रियामा अल्झिने होइन, अब निर्माण सुरु गरौं।

धन्यवाद।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जनता आधारभूत विद्यालय औरहीमा सामाजिक सञ्जालको दुरुपयोगविरुद्ध विद्यार्थीको नाटक

**खबर दर्पण समाचारदाता**
**भदौ ८ गते, बर्दिवास**

सफल जीवन निर्माणका लागि आवश्यक जीवन उपयोगी सीपसम्बन्धी चौध दिन पढाए पछि आज एक दिने अभ्यास तथा प्रदर्शनी कार्यक्रम महोत्तरीको औरही नगर पालिका-१ स्थित श्री जनता आधारभूत विद्यालयको प्राङ्गणमा सम्पन्न भएको छ।

विद्यालयका प्रधानाध्यापक दिपेन्द्र कुमार मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा औरही नगरपालिका-१ का कार्यवाहक वडा अध्यक्ष सुशील साह प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो। Save the Children र सामुदायिक विकास पैरवी मञ्च नेपाल (CDAFN) को सहकार्य तथा औरही नगरपालिकाको समन्वयमा सञ्चालित जीवन उपयोगी सीप (LSS) अन्तर्गतको INSPIRE परियोजनाले कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा विद्यार्थीहरूले सामाजिक सञ्जालको सुरक्षित तथा जिम्मेवार प्रयोग, यसको दुरुपयोगबाट उत्पन्न हुन सक्ने समस्या र त्यसबाट बच्ने उपायलगायतका विषयमा आफूले सिकेका ज्ञान, सीप तथा व्यवहारलाई विभिन्न सामग्री र प्रस्तुतिमार्फत प्रदर्शन गरेका थिए।

विद्यार्थीहरूले कार्यक्रमको अन्त्यमा सामाजिक सञ्जालको दुरुपयोगबाट हुन सक्ने नकारात्मक प्रभाव र जोखिमबारे सचेतना फैलाउने उद्देश्यले लघु नाटकसमेत प्रस्तुत गरेका थिए। नाटकमार्फत सामाजिक सञ्जालको गलत प्रयोगबाट उत्पन्न हुन सक्ने समस्या, त्यसबाट बच्ने उपाय तथा प्रविधिको मर्यादित र जिम्मेवार प्रयोग गर्नुपर्ने सन्देश दिइएको थियो।नाटक प्रस्तुत गर्ने विद्यार्थी भाइबहिनीहरूको सिर्जनशीलता र सक्रिय सहभागिताको कदर गर्दै कार्यक्रमको अन्त्यमा उनीहरूलाई आयोजकका तर्फबाट पुरस्कार तथा सम्मान प्रदान गरिएको थियो।




विद्यालयका प्रधानाध्यापक दिपेन्द्र कुमार मण्डलले विद्यार्थीलाई पाठ्यपुस्तकको ज्ञानमा मात्र सीमित नराखी दैनिक जीवनमा आइपर्ने चुनौती सामना गर्न सक्ने, सही निर्णय लिन सक्ने र समाजप्रति जिम्मेवार नागरिक बन्न सक्ने सीप प्रदान गर्नु विद्यालयको दायित्व भएको बताउनुभयो।"विद्यार्थीले किताबमा पढेको कुरा व्यवहार मा प्रयोग गर्न र आफ्नै सिर्जनशीलतामार्फत प्रस्तुत गर्न पाउँदा सिकाइ अझ प्रभावकारी हुन्छ," उहाँले भन्नुभयो, "सामाजिक सञ्जालको दुरुपयोगबाट हुने जोखिमबारे विद्यार्थीहरूले नाटक तथा विभिन्न प्रस्तुतिमार्फत दिएको सन्देश समाजका लागि पनि महत्वपूर्ण छ।"

कार्यक्रमका प्रमुख अतिथि तथा औरही नगरपालिका-१ का कार्यवाहक वडा अध्यक्ष सुशील साहले जीवन उपयोगी सीप विद्यार्थीको व्यवहारिक ज्ञान र क्षमता विकासका लागि महत्वपूर्ण रहेको बताउनुभयो। सामाजिक सञ्जालको सही प्रयोगले ज्ञान र अवसरको ढोका खोल्ने भए पनि दुरुपयोगले विद्यार्थीको पढाइ, व्यवहार र भविष्यमा नकारात्मक असर पार्न सक्ने भएकाले विद्यालय तहबाटै सचेतना आवश्यक रहेको उहाँले बताउनुभयो।

शिरीष न्युज,खबर दर्पण पत्रीका महोत्तरी जिल्ला प्रमुख र नेपाल प्रेस युनियन महोत्तरी शाखाका सहसचिव धर्वेन्द्र कुमार यादवले प्रविधिको विकाससँगै सामाजिक सञ्जालको प्रयोग बढेकाले विद्यार्थीलाई यसको सकारात्मक प्रयोगबारे जानकारी गराउँदै सम्भावित जोखिमबाट जोगाउन विद्यालय, अभिभावक र समुदायको भूमिका महत्वपूर्ण हुने बताउनुभयो।

"सामाजिक सञ्जाल आफैंमा नराम्रो होइन, यसको प्रयोग कसरी गरिन्छ भन्ने महत्वपूर्ण कुरा हो। सही प्रयोगले विद्यार्थीलाई ज्ञान, सूचना र अवसरसँग जोड्छ भने दुरुपयोगले उनीहरूको पढाइ र सामाजिक व्यवहारमा नकारात्मक असर पार्न सक्छ," यादवले भन्नुभयो।

क्ष्लकएक्षचभ परियोजनाका कार्यक्रम संयोजक निकेश साहले जीवन उपयोगी सीप विद्यार्थीको सफल र सुरक्षित भविष्य निर्माणको आधार भएको बताउनुभयो। विद्यार्थीलाई समस्या समाधान, सही निर्णय, सकारात्मक सोच, सामाजिक व्यवहार तथा प्रविधिको जिम्मेवार प्रयोगसम्बन्धी सीप प्रदान गर्नु परियोजनाको मुख्य उद्देश्य रहेको उहाँले जानकारी दिनुभयो।

"विद्यार्थीले आफैं सिक्ने, अभ्यास गर्ने र सिकेको कुरा समुदायसमक्ष प्रस्तुत गर्ने अवसर पाउँदा सिकाइ अझ प्रभावकारी हुन्छ," साहले भन्नुभयो, "सामाजिक सञ्जालको दुरुपयोगबाट हुने जोखिमबारे विद्यार्थीहरूले लघु नाटक तथा विभिन्न प्रस्तुतिमार्फत दिएको सन्देशले उनीहरूमा चेतना र आत्मविश्वास बढाएको छ।"

विद्यालयकी शिक्षिका पूजा कुमारी चौधरीले जीवन उपयोगी सीपसम्बन्धी कार्यक्रमले विद्यार्थीमा किताबी ज्ञानसँगै व्यवहारिक ज्ञान र सीप विकास गर्न सहयोग पुगेको बताउनुभयो। विद्यार्थीले आफैं सिक्ने, अभ्यास गर्ने र सिकेको कुरा अरूलाई प्रस्तुत गर्ने अवसर पाउँदा आत्मविश्वास तथा नेतृत्व क्षमतामा समेत विकास हुने उहाँको भनाइ थियो।

चारदिने कार्यक्रममा विद्यार्थीलाई दैनिक जीवनमा आइपर्ने चुनौती सामना गर्न, सही निर्णय लिन, समस्या समाधान गर्न, सकारात्मक सोच विकास गर्न तथा प्रविधिको जिम्मेवार प्रयोग गर्न आवश्यक विभिन्न जीवन उपयोगी सीपसम्बन्धी अभ्यास गराइएको थियो।

कार्यक्रममा विद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीय सरोकारवालाको सहभागिता रहेको थियो। कार्यक्रममा KOICA, Save the Children, CDAFN तथा औरही नगर पालिकाको सहयोग रहेको थियो। कार्यक्रममा शिरीष न्युज,खबर दर्पण पत्रीका महोत्तरी जिल्ला प्रमुख र नेपाल प्रेस युनियन महोत्तरी शाखाका सहसचिव धर्वेन्द्र कुमार यादव, सञ्जीव सिंह, ललितालगायतको उपस्थिति रहेको थियो।

आयोजकका अनुसार जीवन उपयोगी सीपसम्बन्धी यस्ता अभ्यास तथा प्रदर्शनीले विद्यार्थीमा आत्मविश्वास, सिर्जनशीलता, नेतृत्व क्षमता, सामाजिक उत्तरदायित्व तथा व्यवहारिक ज्ञानको विकास गर्नुका साथै विद्यालयको सिकाइलाई समुदायसँग जोड्न महत्वपूर्ण भूमिका खेल्नेछ।



# जेनजी आन्दोलनमा क्षति भएका मधेसका सरकारी कार्यालयहरू मर्मतमा ७३ लाख खर्च

**खबर दर्पण समाचारदाता**
**भदौ ८ गते, बर्दिवास**

जेनजी आन्दोलनका कारण धनुषा, महोत्तरी र सर्लाहीमा रहेका सरकारी कार्यालयहरूमा भएको तोडफोड तथा क्षतिको मर्मत सम्भार तथा पुर्ननिर्माणमा ७३ लाख रुपैयाँ खर्च भएको छ ।

संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय जनकपुरका अनुसार जेनजी आन्दोलनका कारण क्षति भएका ३ जिल्लाका सरकारी कार्यालयहरूको मर्मत सम्भारमा ७२ लाख ४९ हजार ६ सय ८८ रुपैया खर्च भएको हो ।

कार्यालयका अनुसार यसरी मर्मतसम्भार भएको कार्यालयहरूमा जिल्ला अदालत धनुषा, अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय बर्दिबास, जिल्ला अदालत सर्लाही, जिल्ला सहकारी वकिल कार्यालय सर्लाही, महेन्द्र नारायण मिथिला सांस्कृतिक केन्द्र जनकपुर, जिल्ला कारागार सर्लाही तथा राईजोवियम तथा घाँसेबाली बीउबिजन प्रयोगशाला रहेको जनाएको छ ।

गत वर्ष भदौ २४ गते आन्दोलनका क्रममा प्रदर्शनकारीहरूले सरकारी कार्यालयहरू निशाना बनाउँदै तोडफोड गर्नुका साथै आगजनी गरेका थिए । संघीय सहरी विकास तथा भवन कार्यालयका सूचना अधिकारी सुधीर शाहले संघीय सरकारमातहत रहेका ३ जिल्लाका सरकारी कार्यालयहरूमा भएको क्षतिपछि मन्त्रालयले छुट्याएको बजेटबाट मर्मत सम्भार तथा पुनर्निर्माण सम्पन्न भएको बताए ।

उनका अनुसार कतिपय कार्यालय भवनभित्र रहेका कोठाहरू कामै नलाग्ने अवस्थामा छन् । सेवाग्राहीको काममै अवरोध हुने अवस्था सिर्जना भएको थियो ।

आर्थिक वर्ष २०८२/०८३ मा जेनजी आन्दोलन र ठेकेदारहरू महँगीलगायत अन्य कारणले आन्दोलनमा उत्रिएपछि देशभरि जस्तै यो कार्यालयले पनि विकास निर्माणका काम धेरै गर्न नसकेको जनाएको छ । कार्यालयका अनुसार भवनतर्फ गत वर्ष सर्लाहीमा ७ वटा विद्यालय, धनुषा, महोत्तरी र सर्लाहीमा गरी ३ वटा सामुदायिक भवन, महोत्तरीमा स्वास्थ्य भवन र सर्लाहीमा २ वटा र महोत्तरीमा गरी ३ वटा इमरेजेन्सी सेल्टर निर्माण गरिएको छ ।

यस्तै कार्यालयले गत वर्ष १५.६६ किलोमिटर कालोपत्रे, ३.१८ किलोमिटर सडक ढलान तथा ६.७६ किलोमिटर नाला निर्माण गरेको जनाएको छ ।

# स्थानीय तहबाट नै ..........

नगरपालिका अन्तर्गतका बनेर तयार भएका सन् २०२४ देखिको जम्मा ११३९ थान सवारी चालक अनुमतिपत्र ( लाइसेन्स) नगरप्रमुख डा. दीपेन्द्र महतोलाई हस्तान्तरण गरिएको छ । लाइसेन्स बुझेसँगै पालिकाले सूचना जारी गरेर सम्बन्धितलाई लाइसेन्स वितरण गर्ने कार्यसमेत सुरु गरिसकेको गौशालामा नगरप्रमुख डा. महतोले बताउनुभयो ।

त्यसै गरी जलेश्वर नगर पालिकाका नगरप्रमुख सुरेश साह सोनारले पालिकामै पुगेर लाइसेन्स वितरण गर्ने व्यवस्थाले स्थानीय सेवाग्राहीलाई प्रत्यक्ष लाभ पुगेको बताउनुभयो । उहाँले यातायातसम्बन्धी अन्य सेवासमेत सम्भव भएसम्म स्थानीय तहमै उपलब्ध गराउने व्यवस्था गर्न आग्रह गर्नुभयो । यस्ता सेवामूलक कार्यक्रमलाई आगामी दिनमा निरन्तरता दिनुपर्नेमा उहाँले जोड दिनुभयो । यातायात व्यवस्था कार्यालयले पहिलो चरणमा महोत्तरीका स्थानीय तहसँग समन्वय गरी लाइसेन्स वितरण सुरु गरेको हो । पालिकामार्फत लाइसेन्स वितरण गर्ने व्यवस्थाले सेवाग्राहीले कार्यालय धाउनुपर्ने झन्झट घटाउनुका साथै लामो समयदेखि वितरण हुन बाँकी रहेका लाइसेन्स व्यवस्थापनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# शान्तिसुरक्षा व्यवस्थापनमा सहजता ल्याउन मधेशका प्रहरीलाई १२ वटा पिकअप जिप हस्तान्तरण

**खबर दर्पण समाचारदाता**
**भदौ ८ गते, जनकपुरधाम**



मधेश प्रदेश सरकारले प्रदेशको शान्तिसुरक्षा व्यवस्थापन तथा अपराध नियन्त्रणलाई थप प्रभावकारी बनाउन नेपाल प्रहरीलाई १२ वटा पिकअप जिप हस्तान्तरण गरेको छ।

प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले खरिद गरेका पिकअप जिप सोमबार मन्त्रालयका मन्त्री फकिरा महतोले नेपाल प्रहरीलाई हस्तान्तरण गर्नुभएको हो।

प्रदेशका आठवटै जिल्ला प्रहरी कार्यालय र चारवटा इलाका प्रहरी कार्यालयलाई लक्षित गरी ती सवारीसाधन उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ। चन्द्रपुर, गरुडा, गोडैता र गडहिया इलाका प्रहरी कार्यालयलाई पनि एक-एक वटा पिकअप जिप प्रदान गरिएको छ।

सवारीसाधन हस्तान्तरण गर्दै मन्त्री महतोले प्रहरीको परिचालन क्षमता अभिवृद्धि गरी प्रदेशको शान्तिसुरक्षा कायम गर्न तथा अपराध नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गर्न सवारीसाधनले सहयोग पुग्ने बताउनुभयो।

प्रदेश सरकारले उपलब्ध गराएका पिकअप जिप प्रतिगाडी भ्याटसहित ३९ लाख पाँच हजार रुपियाँका दरले खरिद गरिएको जनाएको छ।

हस्तान्तरण कार्यक्रममा मन्त्रालयका सचिव विन्देश्वरीप्रसाद लेखक, मधेश प्रदेश प्रहरी प्रमुख डिआइजी ओमप्रसाद अधिकारीलगायत प्रहरी तथा मन्त्रालयका अधिकारीहरूको सहभागिता थियो।

# फरार ६ जना प्रतिवादीलाई पक्राउ

**खबर दर्पण समाचारदाता**
**भदौ ८ गते, जनकपुरधाम**

धनुषा प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवानाको फैसला भएपछि फरार रहेका ६ जना प्रतिवादीलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार प्रहरी टोलीले खोजतलासका क्रममा उनीहरूलाई पक्राउ गरेको हो। पक्राउ परेका प्रतिवादीहरूलाई आवश्यक कारबाहीका लागि धनुषा जिल्ला अदालतमा पेश गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेकामध्ये एक जना कुटपिट मुद्दामा १ वर्ष कैद र १० हजार रुपैयाँ जरिवाना तोकिएका व्यक्ति छन्। त्यस्तै, सवारी ज्यान मुद्दामा २८ दिन कैद र २ हजार रुपैयाँ जरिवाना तोकिएका एक जना पक्राउ परेका छन्।

डाका मुद्दामा ६ वर्ष २८ दिन कैद तथा ९ लाख ४५ हजार ४५० रुपैयाँ जरिवाना तोकिएका एक जना र अवैध विदेशी मुद्रा कारोबार मुद्दामा ९ लाख १६ हजार ६६६ रुपैयाँ जरिवाना तोकिएका अर्का प्रतिवादी पनि पक्राउ परेका छन्।

त्यसैगरी, लागूऔषध मुद्दामा २ वर्ष कैद तथा जबरजस्ती करणी मुद्दामा ११ वर्ष कैद सजाय तोकिएका एक-एक जना फरार प्रतिवादीलाई पनि प्रहरीले पक्राउ गरेको जनाएको छ।

प्रहरीका अनुसार अदालतबाट फैसला कार्यान्वयनका क्रममा फरार प्रतिवादीहरूको खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइएको छ।


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**मुखियापट्टी मुसरनिया गाउँपालिका, धनुषा**

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**धनुषाधाम नगरपालिका, धनुषा**

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका विषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव ‘यदुवंशी’ (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,